मुख्यमन्त्री

माननीय मुख्यमन्त्रीको निजी सचिवालय
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

**अंग्रेजी नयाँ वर्षको शुभकामना !**

अग्रेजी नयाँ वर्ष, सन् २०२२ को उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । साथै यस नयाँ वर्षमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु, एकता एवं समृद्धिका लागि कामना गर्दछु ।

इसाइ धर्मका प्रवर्तक यशु ख्रीष्टका अनुयायीले उनको मृत्युपछि सम्झना र सम्मानस्वरुप यो संवत् प्रचलनमा ल्याएका हुन् । यशु ख्रीस्टको जन्म भएको वर्षदेखि गणना हुनेगरी पादरी ग्रेगोरियनले सुरु गरेकाले यसलाई ग्रेगोरियन पात्रो भन्ने गरिन्छ ।

कोरोनाको विश्वव्यापी महामारीको प्रभाव केही कम भएको छ । तर पनि नयाँ नयाँ भेरियन्टहरुको खतरा भने कायमै छ । यस अवस्थामा हामीले सजगता अपनाउनु जरुरी छ । गण्डकी प्रदेश र समग्र नेपालको समृद्धिको मुख्य आधार पर्यटन नै हो । आन्तरिक र विदेशी पर्यटकको आवागमन र गन्तव्यस्थलमा बसाइ अवधि लम्ब्याउनका लागि प्रदेश सरकारले प्रयासहरु गर्दै आएको छ । सन् २०२२ लाई हामीले पर्यटन पुनरुत्थान वर्षका रुपमा लिएर यसै अनुसारका गतिविधि गर्ने प्रतिबद्धता जनाउँदछु ।

अन्त्यमा, नयाँ वर्ष २०२२ ले राष्ट्रमा दिगो शान्ति, सुदृढ राष्ट्रिय एकता र सामाजिक सद् भावसहित आर्थिक समृद्धिको लागि नयाँ जोश, जाँगर र उत्साह पैदा गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

मिति : २०२२ जनवरी १

कृष्णचन्द्र नेपाली पोखरेल